172. बुढिगंगा नगरपालिकाको साँस्कृतिक रहनसहन, परम्परा, भेषभुषा तथा विशिष्टताहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

173. बुढिगंगा नगरपालिकाले बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुआयामिक विशेषताहरुको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा जोड दिइनेछ ।

174. बुढिगंगा नगरपालिकाको कला, साहित्य र संस्कृतिको जगेर्ना र विकास गर्न बुढिगंगा नगरपालिकाले प्रतिष्ठान स्थापना गर्न आवश्यक पहल गर्नेछ ।

**लैंगिक समानता**

175. महिला विरुद्धका सबै किसिमका हिंसा र विभेदलाई प्रभावकारी ढंगबाट अन्त्य गर्नका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । बुढिगंगा नगरपालिकाभित्र सञ्चालन गरिने कार्यक्रमहरु महिलामैत्री बनाइनेछ ।

**सामाजिक समावेशीकरण**

176. महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चितताका लागि सरकारी, गैर सरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ ।

177. लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरिनेछ ।

178. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता, लगत कट्टा, परिचय पत्र बितरण र समयमै सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट बितरण गरिनेछ ।

179. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता, लगत कट्टा, परिचय पत्र बितरण अनलाइन मार्फत गरी सबै वडा कार्यालयलाई चौमासिक रुपमा अद्यावधिक गर्न लगाईनेछ ।

180. सामाजिक सुरक्षा वितरण गर्दा आर्थिक पारर्दशितालाई अनिवार्य चुस्त दुरुस्त बनाइनेछ ।

181. आपत्कालिन महिला र बालबालिका उद्धार कोषको स्थापना गरिनेछ ।

182. बिभिन्न लक्षित बर्गहरुलाई क्षमता विकासको लागि लैङ्गिक उत्तरदायी बजेटको तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

183. महिला तथा बालबालिकामाथि हुने बिभिन्न प्रकारको घरेलु हिंसाको निवारण गरिनेछ । बाल श्रम शोषण, बहु विवाह र बाल बिवाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित बालमैत्री सुशासनको अवधारणालाई कार्यान्वियन गर्ने कार्यलाई थप कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।

184. महिला तथा बालबालिकाको लागि आर्थिक, सामाजिक लगायत अन्य शसक्तिकरण र क्षमता विकासका कामहरु गरिनेछ ।

185. अपाङ्गता तथा फरक क्षमता भएका ब्यक्तिहरुलाई लक्षित गरी सार्वजनिक सरोकार रहने भौतिक संरचनाहरुको निर्माण गर्दा अपाङ्गमैत्री संरचना निर्माणका लागि नगरपालिकाबाट आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्यवन गरिनेछ ।

**सरकारी तथा गैर सरकारी संघ संस्था सम्बन्धी नीति:**

186. यस नगरपालिका क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैर सरकारी संघ संस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघ संस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर, लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिईनेछ साथै नगर कार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र नगर कार्यपालिकाको कार्यालयमा एक गैरसरकारी संघ संस्था अनुगमन ईकाई गठन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

187. बुढिगंगा नगरपालिका क्षेत्रमा रहेका सरकारी तथा गैर सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ ।

**खेलकूद तथा मनोरञ्जन**

188. बुढिगंगा नगरपालिकाबाट विभिन्न क्षेत्रका खेलकूद विकास गर्नका वार्षिक रुपमा बुढिगंगा गेम्स (Budhiganga Games) को आयोजना गरिनेछ । बुढिगंगा गेम्स आयोजना गर्नका उद्यमी, व्यवसायी, संघसंस्थाहरु, आयोजक, सह-आयोजक, प्रायोजकहरुसँग समन्वय गरिनेछ ।

189. खेलकूदको विकास गर्नका लागि एकेडेमी स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

190. मनोरञ्जनको क्षेत्रहरुलाई व्यवस्थित गर्न कार्यविधि तय गरिनेछ ।

191. र अन्त्यमा, बुढिगंगा नगरपालिकाको नीति तथा कार्यक्रम तय गर्न निरन्तर सहायता प्रदान गर्नुहुने हातहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

दीपक बिक्रम शाह
प्रमुख